# सिम्बुवा रेमिट हाइड्रो लिमिटेडको
# नियमावली, २०७६

## परिच्छेद - १

## प्रारम्भिक

१. **कम्पनीको नाम:** यस कम्पनीको नाम **"सिम्बुवा रेमिट हाइड्रो लिमिटेड"** हुनेछ, जसलाई अङ्ग्रेजीमा **"Simbuwa Remit Hydro Limited"** भनिनेछ । जसलाई यसपछि "कम्पनी" भनी सम्बोधन गरिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:** कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का. म. न. पा. वडा नं. ३ मा रहनेछ ।

३. **परिभाषा: विषय वा परिभाषाले अर्को अर्थ नलागेमा यस नियमावलीमा,**

(क) "ऐन भन्नाले" कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले **सिम्बुवा रेमिट हाईड्रो लिमिटेड** सम्झनुपर्छ ।

(घ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले सञ्चालक समिति सम्झनु पर्छ ।

४. **कम्पनीको उद्देश्य:** कम्पनीको उद्देश्य प्रवन्धत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद -२

## शेयर पुँजी तथा ऋण

५. **शेयरको अङ्कित मुल्यं:** यस कम्पनीको शेयरको अङ्कित मूल्य रु.१०० (अक्षरेपी एक सय) हुनेछ ।

६. **शेयरमा लियन रहने कुरा:** शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानुन बमोजिम बुझाउनुपर्ने बाकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहने छ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा नीहित शेयरधनीहरुको हक, अधिकार तथा बन्देजहरु:** कम्पनीले दुई किसिमको शेयरको व्यवस्था गरेको छ ।

(क) साधारण शेयर

(ख) अग्राधिकार शेयर

साधारण शेयरको समूहगत संरचना प्रबन्ध पत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्न शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीको स्वीकृती चाहिने वा नचाहिने:** साधारण शेयरलाई निम्न समूहमा वर्गीकरण गरिएको छ ।

**समूह (क)**

**संस्थापक शेयरधनी**

१) हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

**समूह (ख)**

**सर्वसाधारण शेयरधनी**

१) वैदेशिक रोजगारीमा गएका सर्वसाधारण शेयरधनी

२) सर्वसाधारण शेयरधनी

३) आयोजना प्रभावित जिल्लाका वासिन्दा

अग्राधिकार शेयरको हकमा शेयर धनीको हक अधिकार तथा बन्देजहरु उक्त शेयर जारी गर्ने बखतमा प्रकाशित गरिने विस्तृत विवरणपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ ।

९. **अग्राधिकार शेयर:** कम्पनीले आवश्यकता अनुसार अग्राधिकार शेयर जारी गरी पुँजी परिचालन गर्न सक्नेछ ।

१०. **संस्थापकले लिनु पर्ने शेयर:** कम्पनीको संस्थापक हुन कम्तीमा १००,००० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था:** कम्पनीले आवश्यकता अनुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्वन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. **शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था:**

(१) कम्पनीको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितो बन्धक राख्न सक्नेछ ।

Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

(२) शेयर बिक्री वा धितो बन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।

(३) संस्थापक समूहको शेयर हस्तान्तरण गर्दा ऐन तथा धितोपत्र सम्वन्धी प्रचलित कानुन, प्रवन्धपत्र तथा यस नियमावलीको अधीनमा रही गरिनेछ ।

१३. **शेयरको प्रमाण पत्रः** कम्पनीले जारी गर्ने शेयरको प्रमाण पत्रमा सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख र कम्पनी सचिवले दस्तखत गरि जारी गरिनेछ ।

१४. **शेयर पुँजी हेरफेर गर्ने कुराः** प्रचलित कानुन अनुरुप साधारण सभामा प्रस्ताव पेश गरी साधारण सभाको निर्णयबाट कम्पनीको शेयर पुँजी हेरफेर गर्न सकिनेछ ।

१५. **आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारको स्वीकृति लिई कम्पनीले आफ्नो शेयर आफैं खरिद गर्न सक्नेछ ।

(२) कम्पनीले आफ्नो शेयर आफै खरिद गर्दा ऐनको अधिनमा रही सञ्चालक समितिले तोके बमोजिमको प्रतिशतसम्म खरिद गर्न सक्नेछ ।

१६. **ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्थाः**

(१) कम्पनीले सञ्चालक समितिको स्वीकृति लिई प्रचलित कानुनको अधिनमा रही ऋण वा डिबेञ्चर उठाउन सक्नेछ ।

(२) जारी पूँजी पूर्ण रुपमा चूक्ता नभएसम्म कम्पनीले डिबेञ्चर उठाउन सक्ने छैन ।

(३) कम्पनीले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछ । सो लाई साधारण सभाले अनुमोदन गरेपछि मात्र लागु हुनेछ ।

(४) उपनियम (३) बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्बन्धी कुनै शर्त तोक्नु परेमा सञ्चालक समितिले तोक्न सक्नेछ ।

(५) कम्पनीको डिबेञ्चर अन्य चल सम्पत्ति सरह धितो बन्धक राख्न सकिनेछ ।

(६) ऋण वा डिबेञ्चर सम्वन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेज सम्वन्धी व्यवस्था ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

१७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षणः**

(१) कम्पनीको शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ । तर कम्पनीले आफ्नो सूचना पाटीमा ७ (सात) दिन अगावै सूचना टाँस गरी १ बर्षमा ४५ दिनमा नबढाई एक पटकमा बढीमा ३० दिन सम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

(२) कसैले शेयरवालाको दर्ता किताबको प्रतिलिपी लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक सञ्चालक समितिले तोके बमोजिम दस्तुर लिई प्रतिलिपी दिईनेछ ।

परिच्छेद -३

## साधारण सभा

**१८. कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्था:**

(१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन् :-

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले आफ्नो कार्यालयबाट कारोबार गर्न स्वीकृत पाएको मितिले एक वर्ष भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गरिनेछ ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा एक्काइस दिन अगावै र विशेष साधारण सभागर्नको लागि कम्तिमा पन्ध्र दिन अगावै सबै शेयरधनीहरुलाई कम्पनीले उपलब्ध गराएको ठेगानामा सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सुचना दिइनेछ । सो सुचना कम्तीमा एकपटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गरिनेछ ।

(४) सञ्चालक समितिको अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिवले र कम्पनी सचिवको अनुपस्थितिमा सञ्चालक समितिले तोकेको पदाधीकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लेखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कुल सञ्चालकहरुमध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयर धनीलाई उपनियम (३) बमोजिमको सुचना दिनुपर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम(३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाईनेछ । यस्तो सूचना कम्तीमा एक दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

## १९. साधारण सभाको कार्यविधि :

(१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारवाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपुरक संख्या पुगे वा नपुगेको यकिन गर्नुपर्नेछ र गणपुरक संख्या पुगेको पाइएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्त्व गर्ने शेयरधनीहरुले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कुल शेयर पुँजीको सत्सट्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नुपर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

२०. **साधारण सभामा पेश गर्ने अन्य विषय** : ऐनमा उल्लेख भएका विषयहरु बाहेक साधारण सभामा पेश गर्नुपर्ने अन्य केही विषय भएमा समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।

२१. **विशेष प्रस्ताव** :ऐनमा उल्लेख भएका विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पेश गर्नुपर्ने भएको भनी समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्वन्धी प्रावधान थप गर्न सकिनेछ ।

२२. **विशेष साधारण सभा** :ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. **गणपुरक संख्या** : बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा पचास प्रतिशत शेयरको प्रतिनिधित्त्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुनेछैन ।

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा २५ (पच्चीस) प्रतिशत शेयरको प्रतिनिधित्त्व हुने गरी कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि ) द्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन ।

२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था :**

(१) प्रचलित कानुन बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

२५. **मतदान :**

(१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर बापत साधारण सभामा एकमत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु हाल जारी गरिएको छैन ।

(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा भढी हुने छैन ।

(५) सञ्चालक निर्वाचन गर्दा मतदान नगरी अन्य तरिकाले नियुक्ति गर्ने भए सो सम्बन्धी व्यवस्था खुलाउने ।

२६. **साधारण सभाको निर्णय विवरणको अभिलेख :**

(१) ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारवाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नुपर्नेछ । कुनै कारणले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एक जना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नुपर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनी रजिष्टर्ड कार्यालयमा राख्नुपर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनुपर्नेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

परिच्छेद - ४

## सञ्चालक समिति

२७. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**

(१) सञ्चालकहरुको नियुक्ति, मनोनयन वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्ति समितिको सिफारिसमा वार्षिक साधारण सभाले गर्नेछ ।

(२) यस कम्पनीमा ७ जनाको सञ्चालक समिति हुनेछ ।

क) संस्थापक "क" शेयरधनीहरुमध्येबाट -३ जना

ख) सर्वसाधारण शेयरधनीहरुमध्येबाट - २ जना

सर्वसाधारण शेयरधनीहरु मध्येबाट प्रतिनिधित्व हुने सञ्चालकहरु निम्न उपसमूहबाट हुनेछ

(अ) वैदेशिक रोजगारीमा गएका शेयरधनी मध्येबाट - १ जना

(आ) स्थानीय र सर्वसाधारण शेयरधनी मध्येबाट - १ जना

ग) स्वतन्त्र व्यवसायिक सञ्चालक - २ जना (जसमध्ये एक जना जलविद्युत विशेषज्ञ र एक जना चार्टर्ड एकाउन्टेन्ट वा वित्त विश्लेषक रहने छन्)

(३) सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन गएमा बाँकि अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले भएको थियो सोहि प्रक्रिया बाट गरिने छ ।कुनै सञ्चालकको कार्यकाल पूरा नहुदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकि कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै कारणले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभा सम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको वैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) सञ्चालकको निर्वाचनको लागी सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

(७) सञ्चालकहरुले आफू मध्येबाट बहुमतले छानेको कुनै एक जना व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

(८) यस कम्पनीको प्रथम साधारण सभा नभएसम्म हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडले तोकेको ३ सदस्य रहेको प्रथम सञ्चालक समिति रहनेछ ।

२८. **सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या :** यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयर धनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनपर्नेछ ।

तर व्यवसायिक सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संञ्चालकहरुको हकमा यो व्यवस्था लागु हुने छैन ।

२९. **शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक ब्यक्तिलाई सञ्चालक नियुक्त गर्न, निजहरुको संख्या,कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी ब्यवस्था खुलाउने :**

(१) कम्पनीमा शेयरधनी बाहेकका देहायको योग्यता पुगेका एक जना जलविद्युत विशेषज्ञ स्वतन्त्र व्यवसायिक सञ्चालक रहनेछन् :

(क) सिभिल वा मेकानिकल वा इलेक्ट्रीकल इन्जिनीयरिङ्ग बिषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी जलविद्युत डिजाइन वा निर्माण वा संचालनको क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव भएको ।

(ख) कम्तिमा ४० बर्ष उमेर पूरा भएको र ६५ वर्ष ननाघेको,

(ग) भ्रष्टाचार, सम्पति शुद्धीकरण, वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) बैंकको ऋण नतिर्नेको कालो सुचिमा समावेश नभएको र ब्यक्तिगत बेरुजु वा सरकारी रकम बक्यौता नरहेको ।

(२) कम्पनीमा शेयरधनी बाहेकका देहायको योग्यता पुगेका एक जना चार्टर्ड एकाउन्टेन्ट वा वित्त विश्लेषक स्वतन्त्र व्यवसायिक सञ्चालक रहने छन् :

(क) चार्टर्ड एकाउन्टेन्टको हकमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यता प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव भएको वा वित्त विश्लेषकका हकमा वित्त मूल विषय लिई व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव भएको ।

(ख) कम्तिमा ४० बर्ष उमेर पूरा भएको र ६५ बर्ष ननाघेको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) बैंकको ऋण नतिर्नेको कालो सूचीमा समावेश नभएको र व्यक्तिगत बेरुजु वा सरकारी रकम बक्यौता नरहेको ।

(३) स्वतन्त्र व्यवसायिक सञ्चालक नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नुपर्नेछ । यसरी नाम तयार गर्दा

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

जति जना सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा तेब्बर योग्य व्यक्तिहरुको नाम स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(४) स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरु मध्येबाट गरिनेछ ।

(५) स्वतन्त्र व्यवसायिक सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ ।

३०. <u>सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने:</u> एक पटक सञ्चालक भईसकेको व्यक्ति सञ्चालकमा पुनः नियुक्त हुन सक्नेछ ।

३१. <u>सञ्चालक नियुक्ती सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो खुलाउने:</u> सञ्चालक समितिमा कुनै समूह, किसिम वा वर्गका शेयरधनी प्रतिनिधित्व हुने गरी कुनै विशेष व्यवस्था हाललाई नगरिएको ।

३२. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :</u>

(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि पहिलो साधारण सभा नभएसम्म सञ्चालकको प्रति बैठक रु.७०००/- (रुपैया सात हजार मात्र) बैठक भत्ता कायम गरिएको छ ।

यसरी तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

(३) सञ्चालकले यस नियमावलीमा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाईदा वा सुविधा लिन हुदैन र लिएको पाइएमा ऐन बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

३३. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरु :</u>

(१) समितिको काम कर्तव्य र अधिकारहरु ऐनमा व्यवस्था गरे अनुरुप हुनेछ ।

(२) समितिले कर्मचारी प्रशासन सम्बन्धी विनियमावली, आर्थिक प्रशासन सम्बन्धी विनियमावली तथा आवश्यक अन्य नीति बनाई लागु गर्नेछ ।

३४. <u>अधिकार प्रत्यायेजन सम्बन्धी व्यवस्था :</u>

(१) ऐनको अधिनमा रही समितिले आफनो अधिकार मध्ये केहि यस कम्पनीका अन्य सञ्चालक,पदाधिकारी,उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) ऐन र प्रबन्धपत्रको अधिनमा रही समितिले विषयगत व्यक्ति, समिति/उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

३५. **प्रबन्ध सञ्चालक सम्बन्धी व्यवस्था :**

(१) यो कम्पनीमा प्रबन्ध सञ्चालकको व्यवस्था गरिएको छैन ।

(२) कम्पनीमा कार्यकारी प्रमुखको रुपमा काम गर्ने गरी सञ्चालक समितिका अध्यक्ष वा सदस्य नियुक्त हुन सक्ने छैनन् ।

३६. **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था:**

(१) समितिले ऐन, कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधिनमा रही खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारीको नियुक्त गर्नेछ। समितिले आवश्यक ठानेमा उक्त कार्यका लागि छनौट समिति समेत गठन गर्न सक्नेछ ।

(२) प्रमुख कार्यकारी अधिकृत कम्पनीको प्रमुख प्रशासक हुनेछ र निजको योग्यता देहाय बमोजिम हुनेछ:

(क) नियुक्ति हुँदाको बखत उमेर पैंतिस वर्ष पूरा भएर पचपन्न वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्व विद्यालयबाट इन्जिनियरिङ्ग वा व्यवस्थापन वा व्ति वा अर्थशास्त्र विषयमा स्नातकोत्तर गरेको वा चार्टर्ड एकाउन्टेन्सी उपाधी हासिल गरेको,

(ग) जलविद्युत निर्माण वा सञ्चालन वा जलउिवद्युतमा लगानी गर्ने सम्वन्धी काममा कम्तीमा ७ वर्षको अनुभव प्राप्त गरेको जसमध्ये कम्तिमा ४ वर्ष उच्च व्यवस्थापनको (आयोजना प्रमुख वा विभागिय प्रमुख वा सों भन्दा माथि) अनुभव रहेको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, लागू औषध, मानव वेचविखन वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) बैंकको ऋण नतिरेको कालो सूचीमा समावेश नभएको,

(च) व्यक्तिगत वेरुजु वा सरकारी रकम बक्यौता नरहेको ।

(३) प्रमुख कार्यकारी अधिकृतको कार्यकाल बढीमा ४ वर्षको हुनेछ । समितिले आवश्यक ठानेमा समयावधि थप गर्नसक्नेछ ।

(४) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु समितिले तोकेबमोजिम वा व्यवस्थापन करार द्वारा निश्चित गरिनेछ । प्रमुख कार्यकारी अधिकृतले प्रत्येक वर्ष समितिसंग आफ्नो कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ । निजले कार्यसम्पादान सम्झौता अनुसार न्युनतम अंक प्राप्त नगरेमा समितिले करार अवधिमा जुनसुकै समयमा हटाउन सक्नेछ ।

(५) प्रमुख कार्यकारी अधिकृतको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) - समितिको निर्णय लागु गर्ने र ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही कम्पनीको काम, कारवाही तथा कारोबारको रेखदेख, र नियन्त्रण गर्ने,

(ख) कम्पनीको उद्देश्य प्राप्तीका लागि व्यवस्थापन प्रमुखका हिसावले नेतृत्वदायी भूमिका खेल्ने,

(ग) कम्पनीको बार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(घ) कम्पनीको विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(ङ.) समिति र साधारण सभाद्वारा गरिएका निर्णय कार्यन्वयन गर्ने गराउने,

(च) ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही कुनै निकायमा कम्पनीले पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथा समयमा पेश गर्ने,

(छ) कम्पनी सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

३७. **सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउने:** समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलउनेछ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा प्रमुख कार्यकारी अधिकृतले समितिको बैठक बोलाउन सक्नेछ ।

३८. **सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि :**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउने छ। त्यसरी बैठक नबोलाएमा कुल सञ्चालक संख्याको कम्तीमा पच्चिस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चिस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछ । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतिय सञ्चार माध्यमबाट दिन सकिनेछ ।

(३) सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर बैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको बैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(४) सञ्चालकहरुको कुल संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गण पुरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तिन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपुरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर आफ्नो निजि सरोकार वा स्वार्थ भएको विषयमा सञ्चालक समितिको बैठकमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्वन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

## ३९. सञ्चालक समितिको निर्णयको अभिलेख:

(१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नुपर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरु मध्ये कम्तिमा एकाउन्न प्रतिशत सञ्चालकहरुले सही गर्नुपर्नेछ ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरण सहि नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) विद्युतिय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतिय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नुपर्नेछ ।

(३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यकाल समयभित्र निरीक्षण गर्न सक्नेछ ।

परिच्छेद - ५

# हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

## ४०. कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षण:

(१) कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानुन अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नुपर्ने हिसाव किताव प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

(३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाबकिताब लेखापरिक्षण गराउनेछ ।

(४) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिन भित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखा परिक्षक नियुक्त गर्नेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखा परीक्षण गरेको हिसावकिताब र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनुपर्नेछ । लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ ।

(६) कम्पनीको अद्यावधिक हिसावकिताव कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनुपर्नेछ ।

४१. **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था :** समितिले प्रचलित कानुनको अधिनमा रही लेखापरीक्षण समितिको व्यवस्था गरी सो को काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

## परिच्छेद - ६

## विविध

४२. **लाभांश सम्बन्धी व्यवस्था**

(१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिन भित्र लाभांस वितरण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नुपर्नेछ ।

(३) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले शेयर बापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिने छ ।

४३. **शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सुचना:**

कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले कम्पनी सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतिय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।

४४. **कम्पनी सचिव:** सञ्चालक समितिले कम्पनी सचिवको नियुक्ति गर्नेछ । त्यसरी कम्पनी सचिव नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृतले नै कम्पनी सचिवको रुपमा काम गर्नेछ ।

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

## ४५. कम्पनीको छाप:

(१) कम्पनीको छाप प्रमुख कार्यकारी अधिकृतको जिम्मामा रहनेछ । जसको प्रयोग कम्पनीको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले कम्पनीका अन्य कर्मचारीलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्नेछ ।

(२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिवाट त्यस्तो दायित्व वापत सृजना हुने रकम असुल उपर गरिनेछ ।

## ४६. प्रतिलिपि दस्तुर सम्बन्धी ब्यवस्था:

(१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत , शेयरधनीको दर्ता किताब, दर्ता प्रमाण पत्र वा कम्पनीको तर्फवाट कार्यालयमा पेश गरेको कुनै लिखतको प्रतिलिपी कुनै शेयरधनी वा कुनै सरोकारवालाले माग गरेमा रु. १०/- प्रति पाना दस्तुर लिई प्रतिलिपि दिनुपर्नेछ ।

(२) साधारण सभाको कामकारवाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. १०/- दस्तुर लाग्नेछ ।

(३) सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. ५०/- दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाणपत्रको प्रतिलिपि १००/- दस्तुर लाग्नेछ ।

(५) शेयरधनि वा डिवेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. १०/- दस्तुर लाग्नेछ ।

## ४७. कम्पनी गाभिने कुरा:

(१) यस कम्पनीमा अर्को कुनै कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कंम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरि ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कम्पनी अर्को कम्पनीसंग गाभिँदा, शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पुर्ण जायजेथाको बिक्रीमा सहमति नजनाउने शेयरधनिको हकमा कुनै विशेष व्यवस्था गर्न सकिनेछ ।

## ४८. कम्पनीको खारेजी:

(१) प्रचलित कानुनको अधिनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढि लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखा परिक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारवाही गर्नेछन ।

(४) कम्पनीको खारेजी सम्बन्धी अन्य व्यवस्था ऐन तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

४९. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनुपर्ने भनी प्रचलित कानुनमा कुनै कुरा खुलाउने व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउने :**

(१) समितिले ऐन, कम्पनीको प्रवन्ध र नियमावलीको अधिनमा रही खुला प्रतिस्पर्धाबाट जलविद्युत सम्बन्धी इन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी जलविद्युत निर्माण वा उत्पादन वा प्रशारणको कार्यमा अधिकृत स्तरको तहमा कम्तिमा ५ वर्षको कार्य अनुभव हासिल गरेको व्यक्ति मध्येबाट एकजना परियोजना निर्देशक (Project Director) नियुक्त गर्नेछ ।

(२) कम्पनीले आफ्नो काम कारोबार सुव्यवस्थित रुपले सञ्चालन गर्न तथा ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ ।

(३) कम्पनीले जलविद्युत विकास तथा विद्युतिय क्षेत्रमा कारोवार सञ्चालन गर्नको लागि संघ / संस्था अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धि सरसल्लाह लिन सक्नेछ ।

(४) अन्य कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारी विनियमावली वा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

५०. **अन्य आवश्यक कुराहरु** : हाललाई नभएको ।

५१. **नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था:** यस नियमावलीमा कुनै संशोधन भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यकालमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

५२. **नियमावली बाझिएको हदसम्म अमान्य हुने:** यस नियमावलीमा लेखिएको कुरा ऐन, अन्य प्रचलित कानून वा प्रबन्ध पत्रसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कुरा स्वत: वदर हुनेछ ।

५३. **संस्थापकहरुले तत्काल लिन कबूल गरेको शेयर संख्या र उदघोषण :** हामी **सिम्बुवा रेमिट हाईड्रो लिमिटेड**का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मन्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छौं भनी सहीछाप गरेका छौं ।

नेपाल सरकार ... तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेस्वर, काठमाडौं

| संस्थापकको नाम | बाबु /पतिको नाम | नागरिकता प्रमाण पत्र नं र नंगरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी न. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर,वतन र सहिछाप | साक्षीको नागरिकता प्रमाण पत्र नं र जिल्ला |
|---|---|---|---|---|---|
| सहि :<br><br>हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको तर्फबाट कार्यकारी श्री छविराज पोखेल<br>ठेगाना : हात्तीसार काठमाण्डौ ।<br><br>फोन नं :४४४५०१६<br>फ्याक्स :<br>पो. ब. नं. : १३३५२<br>इमेल : info@hidcl.org.np<br><br>कम्पनीको छाप | | रजिष्ट्रेशन नं. १३००/०६७/०६८ कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौ | १०००००००<br><br>थान कित्ता | दस्तखत :<br>नाम : मुक्तिबोध न्यौपाने<br><br>ठेगाना : हात्तीगौंडा, काठमाण्डौ<br><br>दा बा | १०२१८/१५८ ०१५८/८९४/ १५०९६, काठमाडौं |

**मस्यौदाकार**

खडगबहादुर बुढाथोकी
अधिवक्ता
प्र. प. नं. १०६३३
नेपाल बार काउन्सिल

ईति सम्वत् २०७६ साल फाल्गुण महिना २४ गते रोज ५ शुभम्..............................।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

सहायक रजिष्ट्रार